# अजयमेरु गाँउपालिकाको आधारभूत तह कक्षा १-५ को स्थानीय पाठ्यक्रम

## २०७५

## मस्यौदा

# विषयः अजयमेरुको सेरोफेरो


अजयमेरु गाँउपालिका

स्थानीय पाठ्यक्रम निर्माण समिति

अजयमेरु-३ भद्रपूर

**हाम्रो भनाइ**

पाठ्यक्रम शिक्षण प्रक्रियाको मूल आधार तथा सिकाइको योजना हो र यसकै आधारमा सम्पूर्ण शैक्षिक क्रियाकलाप सञ्चालन हुने भएकाले पाठ्यक्रम स्थानीयतालाई समेट्ने र स्थानीयताको संरक्षण गर्न सक्ने हुनुपर्छ । साथै पाठ्यक्रमले समसामयिक विषयबस्तु तथा स्थानीय आवश्यकतालाई सम्बोधन गर्न सक्नुपर्छ । वर्तमान परिवेशमा यसै मान्यतानुसार प्राथमिक शिक्षा पाठ्यक्रम, २०६५ ले कक्षा १-५ मा एउटा स्थानीय आवश्यकता अनुकुलको विषय मा मातृभाषामा पाठ्यक्रम निर्माण गरी लागु गर्ने जिम्मेबारी स्थानीय तहलाई दिएकोले सोही अनुरुप यो पाठ्यक्रम निर्माण गरिएको हो ।

यो पाठ्यक्रम निर्माण गर्नका लागि आवश्यकता पहिचान र विषयबस्तु छनौट गर्ने कार्य का लागि अजयमेरु गाँउपालिका स्थानीय पाठ्यक्रम निर्माण समितिवाट प्रस्ताव पेश भइ यस अजयमेरु गाँउपालिकाका सबै विद्यालयका प्रधानाध्यापक, गाँउकार्यपालिकाका सदस्य, विद्यालय निरीक्षक, श्रोत व्यक्ति सम्मिलित एक दिने कार्यशालाले स्थानीय आवश्यकता अनुकुलका विषयस्तुको आवश्यकता पहिचान गरेको थियो र सोही अनुरुप स्थानीय पाठ्यक्रम निर्माण समितिले यो पाठ्यक्रम निर्माण गरेको छ ।

विश्वमा सूचना तथा सञ्चार क्षेत्रमा देखा परेका विकास, विश्वव्यापीकरण ले स्थानीयकरणलाई चुनौति दिइरहेको परिपेक्षमा विद्यालय तहको शिक्षामा स्थानीय विषयबस्तुहरु समाहित गरी समाजिक सामाजिक मूल्यमान्यता, ज्ञानविज्ञानका विविध पक्षहरू एवम् व्याबहारिक ज्ञानयुक्त शिक्षाको आवश्यकतालाई दृष्टिगत गरी यो पाठ्यक्रम तयार पारिएको छ ।

यसमा शिक्षणसिकाइ कार्यलाई सहयोग पुग्ने दृष्टिकोणले विषयवस्तुको विस्तृतीकरण, सम्भावित शिक्षणसिकाइ क्रियाकलाप, मूल्याङ्कन र पाठ्यभारसमेतलाई समावेश गरिएको छ । पाठ्यक्रमलाई अझ व्यावहारिक, प्रभावकारी र जीवनोपयोगी बनाउन अजयमेरु गाँउपालिका स्थानीय पाठ्यक्रम निर्माण समिति सम्बन्धित सबै सरोकारवाहरुवाट रचनात्मक सुझावको अपेक्षा गर्दछौं ।

**वि.स. २०७५**

**अजयमेरु गाँउपालिका**

**स्थानीय पाठ्यक्रम निर्माण समिति**

# अजयमेरुको सेरोफेरो

## परिचय

शिक्षाले सम्पूर्ण वालवालिकाको सर्बाङ्गिण विकास गरी दैनिक जीवनलाई खुसीमय बनाउन सहयोग गर्छ । यसका लागि पाठ्यक्रमको महत्वपूर्ण भूमिका रहन्छ । पाठ्यक्रम निर्माण गर्दा सिकारु, समाज, राष्ट्र र अन्तराष्ट्रिय परिवेशका आवश्यकता र समस्याहरुलाई समेट्न सक्ने गरी तयार गरियो भने पाठ्यक्रम सिकारु समाज र राष्ट्रप्रति उत्तरदायी हुन्छ । विद्यार्थीहरुलाई विभिन्न ज्ञान सीप र मूल्य प्रदान गर्न तथा जीवनयापनका क्रममा आउने समस्याहरु समाधान गर्न सक्ने सीप प्रदान गर्ने सिकाइको योजना पाठ्यक्रम हो । नेपाली समाज विविध भाषा, जाती, धर्म, संस्कती र स्थानीयताको थलो भएको र केन्द्रवाट निर्माण गरिने पाठ्यक्रमले सबै विविधतालाई सम्बोधन गर्न नसक्ने हुदा पाठ्यक्रम निर्माण गर्दा सिकारु र समाजका स्थानीय आवश्यकतालाई पनि सम्बोधन गरिनुपर्छ भन्ने मान्यताका साथ प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ मा कुनै पनि विद्यालय वा स्थानीय तहले १०० पूर्णाङ्कको मातृभाषा वा कुनै स्थानीय विषयको पुरै पाठ्यक्रम नै निर्माण गरी कार्यान्वयन गर्न सक्ने नीतिगत व्यबस्था गरेको छ ।

विद्यार्थीहरूले आफ्नो वृत्ति विकासका लागि सर्बप्रथम आफ्नो स्थानीयस्तरका हरेक गतिविधिको जानकारी हासिल गरी आफ्नो रूचि, क्षमता र अवसरलाई प्रयोग गरी भविष्यको योजना बनाउन सक्ने हुनुपर्दछ । आफ्नो स्थानीय तहको कामसग परिचित तथा आफ्नो स्थानीय ठाँउप्रति सकारात्मक भावना विकास गरी विद्यार्थीहरूमा स्थानीय ज्ञान, सीप र अभिवृत्तिको विकास गराउने उद्देश्यले प्राथमिक तहमा स्थानीय विषय वा मातृभाषाको पाठ्यक्रम स्थानीय तह आफैले निर्माण गरी लागु गर्ने ब्यबस्था अनुरुप यो पाठ्यक्रम तयार पारिएको छ ।

यस विषयलाई ७५% सैध्दान्तिक र २५% प्रयोगात्मक भार, साप्ताहिक ४ पाठ्यभार र वार्षिक १२८ घन्टी पढाइ हुनेगरी राखिएको छ ।

यस विषय अन्तर्गत निम्नलिखित विषयक्षेत्र समावेश गरिएका छन् ।

१. भौगोलिक स्थितीको पहिचान

२. हाम्रो सामाजिक तथा राजनीतिक अबस्था र स्थानीय सरकार

३. हाम्रो आर्थिक कियाकलाप

४.स्थानीय सीप प्रविधि र रोजगारी

५. प्राकृतिक श्रोत तथा साधन

६. पर्यटन : स्थानिय धार्मिक, ऐतिहासिक, सास्कृतिक र वातावरणीय

७.स्वास्थ्य र सरसफाइ

८.जोखिम/बिपद् व्यवस्थापन

## २. तहगत सक्षमताहरू

प्राथमिक तहको हाम्रो अजयमेरु विषयको अध्ययन पश्चात् विद्यार्थीहरू निम्नलिखित कुराहरूमा सक्षम हुनेछन् :

१. स्थानिय भौगोलिक स्थितीको परीचय दिन ।

२. आफ्नो गाँउपालिकाको ऐतिहासिक पृष्ठभूमि बताउन र ऐतिहासिक वस्तुहरूको खोजी गर्न ।

३. यस गाँउपालिकामा प्रचलीत भाषा, चाडपर्व, जात्रा मेला, सँस्कृति, भेषभुषा, खानपिन, संस्कारका बारेमा बताउन ।

४. यस गाँउपालिका, छिमेक तथा जिल्लामा रहेका नदिनाला, ताल, फाँट, झरना, पहाड, बन जंगल, हावापानि, उर्जाका स्रोत, खनिज पदार्थआदिको परीचय दिन ।

५. प्राकृतिक श्रोत तथा साधनको महत्व र आवश्यकता बुझि त्यसको संरक्षण र सम्बर्द्धन गर्न तत्पर ।

६. श्रमको सम्मान गर्न तथा श्रम गर्ने र मितव्ययी हुने बानी बसाल्न ।

७. स्थानीयस्तरमा रहेका आर्थिक क्रियाकलापको अवलोकन गरी वर्णन गर्न र त्यसमा सक्दो सहयोग पुर्‍याउन ।

८. स्थानीय समुदाय का ख्यातिप्राप्त व्यक्तिहरूको कामबाट प्रेरणा लिन र उनीहरूलाई सम्मान गर्न ।

९. सामान्य स्थानीय प्रविधिबारे सामान्य जानकारी प्राप्त गर्न र महत्व बताउन ।

१०. घर, विद्यालय र समुदायको वातावरण स्वच्छ राख्न, वातावरणीय सरसफाइ गर्न ।

११. समुदायमा उपलब्ध स्वास्थ्य सेवाको उपयोग आवश्यकतानुसार गर्न ।

१२.जोखिम/बिपद्हरुका कारण पहिचान गरी जोखिम/बिपद् ब्यबस्थापनका सामान्य उपायहरु अबलम्बन ।

**३.विषयबस्तुको क्षेत्र र कम**

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| भौगोलिक स्थितीको पहिचान | –आफु बसेको ठाँउ र आफ्नो गाँउको भौगोलिक स्थितीको पहिचान नाम ठेगाना<br>– स्थानिय सडक , गोरेटो , घोरेटो बाटोको नाम | आफ्नो र छिमेकी तथा जिल्लाका अन्य गाँउपालिकापा, नगरपालिकाको नाम तथा भौगोलिक स्थिती | –आफ्नो गाँउपालिकापाको भौगोलिक स्थिती<br>–स्थानिय सडकको नाम तथा दुरी | –आफ्नो गाँउपालिकापा जिल्ला को क्षेत्रफल<br>– गाँउपालिकापाको नक्शामा गाँउपालिकापा स्थित नदी, धार्मिक स्थल, एतिहासिक स्थल | – गाँउपालिकापाको नक्शा<br>– जिल्ला संग जोडिएका प्रमुख सडकहरु नाम र दुरी<br>– गाँउपालिकाको हावापानि र माटो |
| हाम्रो सामाजिक तथा राजनीतिक अबस्था र स्थानीय सरकार | -मेरो घर परिवार<br>-हाम्रो विद्यालय | -मेरा छिमेकिहरु<br>-हाम्रो नाता सम्बन्ध | -हाम्रो रहनसहन<br>-हाम्रा सम्पदाहरु<br>-स्थानीय मेलापर्वहरु | -हाम्रो गाँउघर परिचय<br>-हाम्रो गाँउपालिका परिचय<br>-गाउँपालिका गठन प्रक्रिया | -समाजको परिचय<br>-समाजका प्रबुद्ध व्यक्तिहरु<br>-डोटेली भाषा<br>-गाँउपालिकाको काम कर्तव्य र अधिकार |
| हाम्रो आर्थिक कियाकलाप | - आफ्नो घरपरीवारका सदस्यले गर्नेकाम<br>- घरचलाउने सामाग्री जस्तै अन्न फलफुल मासु माछा तरकारी कपडा आदी<br>-घरमा उत्पादनहुने बस्तुहरु तिनीहरुको प्रयोग र बितरण<br>- बिभिन्न पेशामा संलग्न पेशाकर्मीहरु | -गाँउघर, छिमेक, परिवारका सदस्यले गर्ने काम<br>-कृषि<br>-घरेलु व्यवसाय<br>-स्थानीय पेशा व्यवसाय र पेशाकर्मी | -स्थानीय स्तरका पेशा व्यवसायहरु<br>-स्थानीय स्तरका पेशाकर्मीहरु<br>-स्थानीय उत्पादन | -स्थानीय स्तरमा गरिने प्रमुख कृषि व्यवसाय<br>-स्थानीय स्तरका प्रमुख उद्योग व्यवसाय<br>-स्थानीय प्रमुख उत्पादनहरु<br>-स्थानीय बजार<br>-स्थानीय सेवा क्षेत्र | -स्थानीय स्तरका कृषि र गैरकृषि व्यवसाय<br>-स्थानीय व्यवसाय<br>-अन्य व्यवसायहरु<br>-व्यवसायको आर्थिक महत्व<br>-प्राविधिक जनशक्तिः उत्पादन<br>-स्थानीय स्तरमा सेवा प्रबाह गर्ने निकायहरु |
| स्थानीय सीप प्रविधि र रोजगारी | -हाम्रा घरायसी सामानहरु<br>-हाम्रा स्थानीय प्रविधिहरु<br>-स्थानीय रोजगारीहरुको परिचय | -घरायसी रुपमा प्रयोग गरिने स्थानीय सामग्रिहरुको काम<br>-हाम्रा स्थानीय प्रविधिहरुको काम<br>- हाम्रो दैनिक कामकाज | -घरायसी रुपमा प्रयोगमा आउने सामग्रि बनाउन प्रयोग गरिने सामग्रिहरु<br>-हाम्रा स्थानीय प्रविधिहरु बनाउनका लागि आवश्यक पर्ने सामग्रिहरु<br>-स्थानीय रोजगारीहरुको प्रकार | -घरायसी रुपमा प्रयोगमा आउने सामग्रि बनाउन प्रयोग गरिने तरिकाहरु<br>-हाम्रा स्थानीय प्रविधिहरु बनाउने तरिकाहरु<br>-रोजगारीको आवश्यकता | -घरायसी रुपमा प्रयोगमा आउने सामग्रिहरुको आवश्यकता, महत्व, संरक्षण र सम्बर्द्धन<br>-हाम्रा स्थानीय प्रविधिहरुको आवश्यकता, महत्व, संरक्षण र सम्बर्द्धन<br>-स्थानीय रोजगारीहरुको संरक्षण र सम्बर्द्धन |
| प्राकृतिक श्रोत तथा साधन | -प्राकृतिक श्रोत सँग सम्बन्धित शब्दावलीहरु<br>-आफ्नो वरपरका प्राकृतिक | -प्राकृतिक श्रोतको परिचय<br>-आफ्नो घर र विद्यालय वरपरका प्राकृतिक श्रोत | -आफु बसोबास गरेका स्थानीय तह भित्रका केही प्राकृतिक श्रोत<br>-प्राकृतिक श्रोत तथा सम्पदाको | -प्राकृतिक श्रोतका प्रकार<br>-प्राकृतिक सम्पदाहरुको दिगो प्रयोग | -प्राकृतिक श्रोत तथा सम्पदाको महत्व<br>-प्राकृतिक स्रोत तथा सम्पदाको |

| | | | | | |
|---|---|---|---|---|---|
| | श्रोत<br>(क) जंगल<br>(ख) पानी<br>(ग) माटो<br>सौर्यउर्जा, वायूउर्जा, जलशक्ति, | (क) स्वच्छ हावा<br>(ख) वनस्पती<br>(ग) जनावर<br>जलशक्ति, धातुगत तथा अधातुगत खनिज पदार्थ | संरक्षण गर्ने उपायहरु | -प्राकृतिक श्रोत तथा सम्पदाको संरक्षण गर्नुको कारण । | संरक्षणका लागि आफ्नो स्थानीय तहवाट भएका प्रयास<br>-प्राकृतिक श्रोत तथा सम्पदाको संरक्षणमा विद्यार्थीको भूमिका ।<br>-प्राकृतिक सम्पदाहरु विनास हुनाका कारणहरु । |
| पर्यटन : स्थानिय धार्मिक, ऐतिहासिक, सास्कृतिक र वातावरणीय | –यस गापा क्षेत्रमा रहका मठ मन्दिरहरु<br>–यस गापा क्षेत्रमा मनाईनेमुख्य चाडपर्वहरु<br>– यस गापा क्षेत्रमा रहेका एतिहासिक स्थलहरु<br>–यस गापा क्षेत्रमा रहेका नदि , पहाड,झरना,बनजंगल आदी | –यस गापा क्षेत्र, छिमेकि गापा तथा जिल्लामा रहेका धार्मिक र ऐतिहासिक स्थलहरु<br>–स्थानिय रीती रीवाज, मेला जात्रा, चाडपर्व<br>–स्थानिय क्षेत्रमा बोलिने भाषा भाषिका | –स्थानिय स्तरमा मनाईने धर्म, धार्मिक कृयाकलाप<br>–स्थानिय भाषा | – गापा क्षेत्रका प्रमुख प्राकृतिक सम्पदाहरु<br>– स्थानिय क्षेत्रमा भएका उर्जाका स्रोत | –पर्यटन विकासमा स्थानिय साँस्कृतिक सम्पदाहरुको महत्व र संरक्षण ।<br>–पर्यटन विकासमा स्थानिय ऐतिहासिक, धार्मिक,सम्पदा ।<br>–स्थानिय भाषाको प्रचलन महत्व र लिपिको परीचय , लोकभाषाको परीचय , महत्व र सृजना । |
| स्वास्थ्य र सरसफाइ | हाम्रो शरीर : शरीरका विभिन्न अंगहरु<br>-स्वस्थ र अस्वस्थ मानिस<br>-स्वस्थ बानी<br>-हात, मुख, आँखा, कपाल को सरसफाइ | -रोग<br>-पानी र खानाजन्य रोग<br>-सरसफाइ र फोहोरमैला व्यवस्थापन | -रोग<br>-विभिन्न सरुवा रोगहरु<br>-फोहोरमैला र फोहोमैला व्यवस्थापन | -पोषण र कुपोषण<br>-सन्तुलित भोजन<br>-वातावरणीय सरसफाइ | -स्वास्थ्य सेवा प्रदायक निकायहरु<br>-सामुदायिक स्वास्थ्य<br>-खानेपानी र सरसफाइ<br>-प्रदुषण |
| जोखिम ⁄ बिपद् व्यवस्थापन | -जोखिमको परिचय<br>-सामान्य घरायसी जोखिमहरु | - जोखिमको परिचय<br>-घर र विद्यालयमा आउन सक्ने सामान्य जोखिमहरु | - जोखिमको परिचय<br>-घर र विद्यालयमा आउने सामान्य जोखिमवाट बच्ने उपायहरु | -विपद् ⁄ जोखिमको परिचय<br>-आफ्नो स्थानीय तहमा आउन सक्ने सम्भावित विपद् ⁄ जोखिमहरु | -विपद् ⁄ जोखिम व्यवस्थापन<br>-विपद् ⁄ जोखिम व्यवस्थापनमा विद्यालय र विद्यार्थी र स्थानीय निकायको भूमिका |

## ४. सिकाइउपलब्धि/विषयवस्तु विस्तृतीकरण

यस विषयमा कक्षागतरूपमा बालबालिकाहरूले हासिल गर्ने सिकाइ उपलब्धिहरूलाई सक्षमताका रूपमा प्रस्तुत गरिएको छ। सिकाइउपलब्धि/विषयवस्तुको विस्तृतीकरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

कक्षा १

| क्षेत्र | सक्षमता/सिकाइ उपलब्धि | विषयबस्तुको बिस्तृतीकरण | सम्भाबित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| भौगोलिक स्थितीको पहिचान | –आफु बसेको ठाँउ र आफ्नो गाँउको भौगोलिक स्थितीको पहिचान गर्न , नाम ठेगाना भन्न<br>– स्थानिय सडक , गोरेटो , घोरेटो बाटोको नाम बताउन | आफ्नो गाँउघरको नाम र ठेगाना<br>-गाँउको भौगोल स्थिती - भीरालो ,पाखो, समथर लेक आदि )को चित्र नक्श<br>- स्थानिय सडक घोरटो गोरेटो बाटाहरुको नाम | -विद्यार्थीहरुलाई उनिहरुको गाँउको नाम सोघेर भन्न लगाउने<br>- आफ्नो गाँउघर नजिकको दाँया बाँया तल माथी रहेका बाटो सडकको नाम सोघने र छलफल गर्ने ।,<br>-आफु बसेको गाँउघरको बनोट भिरालो समथर नदि किनरा उच्च स्थान कस्तो छ ,छलफल गर्ने ।<br>-कक्षा बाहीर लगी वरीपरीको भूभागको बनौट देखाउने । | - स्थानिय गाँउघरको चित्र बनाई बिद्यार्थीबाट चिन्न लगाउने ।<br>-स्थानिय सडक बाटो बाट कुन कुन ठाँउमा पुगिन्छ भन्नलगाउने ।<br>- स्थनिय गाँउको भ्रमण गराई कुन ठाँउ कस्तो छ भन्न लगाउने । | १ |
| हाम्रो सामाजिक तथा राजनीतिक अबस्था र स्थानीय सरकार | -आफ्नो परिचय दिन<br>-परिवारका सदस्यको नाम बताउन<br>-आफ्ना साथिहरुसँग समायोजन हुन । | -मेरो घर परिवार<br>नातेदारको नाम(आमा, बुवा, दाजु भाइ आदि)<br>-हाम्रो विद्यालय<br>कक्षाकोठा, साथिसमूह | परिबार र साथिसमूहको चित्रमा छलफल गराउने ।<br>प्रश्नोत्तरजस्तै<br>तिम्रो नाम के हौ ?<br>तिम्रो बुवाकमो नाम के हो? आदि<br>कालोपाटीमा भनेअनुसारका नाम टिप्ने र पढ्न लगाउने ।<br>आफ्ना परिवारका सदस्य र साथिहरुका नाम लेख्न लगाउने । | प्रश्न बनाएर सोध्ने<br>जस्तै<br>तिम्रो नाम के हौ ?<br>तिम्रो बुवाको नाम के हो? | २५ |

| | | | | | |
|---|---|---|---|---|---|
| हाम्रो आथिक क्रियाकलाप | घरपरीवारका सदस्यले गर्ने काम बताउन<br>- घरमा आम्दानीहुने क्रियाकलाप<br>- दैनिक काम काज र खानपिनका लागी प्रयोगहुने बस्तुहरु भन्न<br>-आम्दानीहुदे कृयाकलाप संग संबन्धित कामदार चिन्न र भन्न<br>- | - आफ्नो घरपरीवारका सदस्यले गर्नेकाम - खेति पशुपालन ,व्यापार नौकरी आदि )<br>- घरचलाउने सामाग्री जस्तै अन्न फलफुल मासु माछा तरकारी कपडा आदीको सचित्र बर्णन<br>-घरमा उत्पादनहुने बस्तुहरु तिनीहरुको प्रयोग र बितरण<br>- बिभिन्न पेशामा संलग्न पेशाकर्मीहरुको सचित्र बर्णन | – विद्यार्थीहरुको परीवारका सदस्यहरुले गर्ने दैनिक काम बारेमा छलफल<br>- विद्यालय नजिकका १,२ घरमा अवलोकन गराई त्याहाका मानिसहरुले गर्नेकामबारे जानकारी संकलन गर्ने<br>- दैनिकरुपमा घरमा प्रयोगहुने सामाग्रीको चित्र प्रदर्शन तथा छलफल<br>- गाउघरमा उतपादनहुने बस्तुहरुको सूचि तयार गर्न लगाउन<br>- पेशाकर्मिहरुको चित्र देखाई तिनीहरुले गर्ने काम छलफल गर्ने | विद्यार्थीका घर परिवारका सदस्यहरुले कुन कुन काम गर्दछन् लेख ? | २५ |
| स्थानीय सीप प्रविधि र रोजगारी | -हाम्रा घरायसी सामानहरुको नाम बताउन<br>-हाम्रा स्थानीय प्रविधिहरुको नाम बताउन<br>-स्थानीय रोजगारहरुको नाम बताउन | -हाम्रा घरायसी सामानहरुको नाम<br>कुचो, डोको दुना, टपरी आदि<br>-हाम्रा स्थानीय प्रविधिहरु<br>-ओखल, जितरा आदि<br>-स्थानीय रोजगारीहरुको परिचय<br>-कृषिकार्य<br>-शिक्षण | स्थानीय सामानहरु वा चित्र देखाइ छलफल गराउने प्रश्नोत्तर गर्ने<br>स्थानीय प्रविधिहरुका चित्र देखाइ छलफल गराउने प्रश्नोत्तर गर्ने<br>स्थानीय स्तरमा केके रोजगार छ दसोध्ने छलफल गर्ने । | घरमा के के सामान प्रयोग गर्छौ ?<br>तिम्रो घरमा प्रयो गरिने दुइओटा प्रविधिको नाम भन ।<br>चित्र र शब्दको जोडा मिलाउने । | १५ |
| प्राकृतिक श्रोत र साधन | -प्राकृतिक श्रोतसँग सम्बन्धित विभिन्न शब्दावली भन्न र लेख्न ।<br>-आफ्ना घर वरपर भएका प्राकृतिक सम्पदा चिन्न र नाम बताउन । | -प्राकृतिक श्रोत, अनन्त, नवीकरणीय, अनवीकरणीय आदि<br><br>-आफ्नो घर र विद्यालय वरपर रहेका प्राकृतिक श्रोत जस्तै वनजंगल, खानेपानीका मुहान, ढुङ्गा,माटो | -शब्दपत्तिका माध्यमवाट प्राकृतिक श्रोत सँग सम्बन्धित शब्दावलीहरुको प्रदर्शन<br>-सर्वप्रथम घर र विद्यालय वरपर पाइने विभिन्न वस्तुहरुको नाम विद्यार्थीहरुलाई भन्न लगाइ कालोपाटीमा लेख्ने र मानिसले आफै बनाएका र प्रकृतिमा आफै उत्पन्न भएका श्रोतहरु छुट्याउन लगाउने । | -शब्दपत्तिमा लेखिएका वाक्य चिन र पढ ।<br>-तपाइको घर वा विद्यालय वरपर पाइने ३ ओटा प्राकृतिक श्रोतको नाम भन । | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| पर्यटन (स्थानिय धार्मिक, ऐतिहासिक, सास्कृतिक र वातावरणीय) | –यस गापा क्षेत्रमा रहका मठ मन्दिरहरुका नाम भन्न र तिनका बारेमा बुझ्न ।<br>–यस गापा क्षेत्रमा मनाईनेमुख्य चाडपर्वहरुको नाम भन्न ।<br>– यस गापा क्षेत्रमा रहेका एतिहासिक स्थलहरुको नाम भन्न<br>–यस गापा क्षेत्रमा रहेका नदि , पहाड,झरना,बनजंगल आदी को नाम भन्न । | -यस गापामा रहेका मठ मन्दिरहरुको ऐतिहासिक सुचि बनाउन र परिचय बताउन ।<br>- गापामा मनाईने चाडपर्वहरु ( बिसु गोरा मकर संक्रान्ति श्री पञ्चमि दुत्या आदी ) छठीनाच घुमारी चैत डेउढा ठाडी भाका<br>- यस गापामा रहेका प्राकृतिक सम्पदाको सूचि बनाउन र परीचय बताउन | - स्थानिय मठ मन्दिर र ऐतिहासिक, प्राकृतिक सम्पदाको भ्रमण गराई पहिचान गराउने<br>- गाँउघरमा मनाईने चाडपर्वको सूचि बनाई ति चाडपर्वमा गरीने पाठपुजा खानपान नाचगानबारे चित्र देखाई छलफल गर्ने ।<br>- स्थानिय लोकलयमा बोल्न र गाउन लगाउने ।<br>- स्थानिय लोकनृत्य गर्न लगाउने । | - हाम्रो गापामा कुनकुन मन्दिरहरु रहेका छन ।<br>- तिम्रो गाँउमा कुनकुन मन्दिरहरु रहेका छन ।<br>- तिम्रो गाँउघरमा मनाईने मुख्य चाडपर्वहरु के के हुन<br>- चाडपर्वमा गरीने मुख्य कृयाकलाप र खानाका परीकारहरु सोध्ने ।<br>- तिम्रो घरमा बोलिने मुख्य भाषा कुन हो ?<br>- एउटा लोकगित गाएर सुनाउ ? | |
| स्वास्थ्य र सरसफाइ | -स्वस्थ मानिसका विशेषता भन्न<br>-स्वस्थ रहने उपायहरु भन्न<br>-व्यक्तिगत सरसफाइमा ध्यान दिन | -हाम्रो शरीर : शरीरका विभिन्न अंगहरु चित्र सहित<br>-स्वस्थ र अस्वस्थ मानिसको सचित्र वर्णन<br>-स्वस्थ बानीको सचित्र वर्णन<br>-हात, मुख, आँखा, कपाल को सरसफाइ गर्ने तरिकाको सचित्र व्याख्या | -विद्यार्थीहरुलाई आफ्नौ शरीरका अंग चिन्न र भन्न लगाउने ।<br>-स्वस्थ र अस्वस्थ मानिसको चित्र देखाउने ।<br>-स्वास्थ्य राम्रो राख्ने बानीबारे छलफल गर्ने ।<br>-कपाल कोर्ने, हात धुने, दाँत माझ्ने, आँखाको सरसफाइबारे भन्ने र प्रयोग गरी प्रदर्शन गर्ने । | -स्वस्थ मानिस कस्तो हुन्छ ?<br>-तिमी बिरामी पऱ्यौ भने के हुन्छ ?<br>-स्वस्थ रहन के के गर्नुपर्छ ?<br>-हातको सरसफाइ कसरी गर्न सकिन्छ ? | १० |
| जोखिम व्यवस्थापन | -सामान्य घरायसी जोखिमहरु पहिचान गर्न ।<br>-विद्यालय आंउदा जांदा आउन सक्ने सामान्य जोखिमहरु पहिचान गर्न | -घरमा प्रयोग हुने हातहतियारको प्रयोग गर्दा आउने जोखिम जस्तै चक्कु, हसिया आदि र बच्ने उपाय<br>-हावाहुरी, सडकमा हिड्दा आउने जोखिम<br>र बच्ने उपाय | -विभिन्न घरायसी हातहतियारहरुको कक्षामा प्रदर्शन र तिनीहरुवाट आउन सक्ने जोखिमको बारेमा र ती जोखिमवाट बच्ने उपायहरुका बारेमा चित्रवाट प्रदर्शन ।<br>-घरवाट विद्यालय आउदा जाँदा कसरी आउछौ ? हावाहुरी आएको दिन के गर्छौ ? र सडक बाटो भएर आउदा कसरी आउछौं? आदि जस्तै प्रश्नहरुमा छलफल । | -हसिया चलाएमा के हुन्छ ?<br>-हावाहुरी आएको समयमा के गर्नुपर्छ ?<br>-सडक बाटोमा हिड्दा के गर्नु हुदैन ? | ८ |

कक्षा २

| क्षेत्र | सक्षमता/सिकाइ उपलब्धि | विषयबस्तुको बिस्तृतीकरण | सम्भाबित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| भौगोलिक स्थितीको पहिचान | आफ्नो र छिमेकी तथा जिल्लाका अन्य गापा , नपाको नाम तथा भौगोलिक स्थिती बताउन | - आफ्ना जिल्ला तथा छिमेकि गापा नपा को नाम र ठेगाना भन्न ।<br>- गापाको भौगोलिक स्थीती<br>- स्थानिय सडक र गोरटोको नाम भन्न । | - भिरालो समथर लेकको परीभाषा स्वरुप बताउने र छलफल गर्ने ।<br>- सिमाना जोडीएका गाँउ वा गापा नपा को स्वरुप झल्कने किसमका चित्र प्रस्तुत गरी छलफल गर्ने ।<br>- गापा भित्रको भौगोलिक भिन्नता बारेमा बताउने<br>- दुई गाँउ लाई छुट्यउने खोला बाटो जंगल अदि बारेमा जानकारी दिने | - गाँउ वा गापाको स्वरुप बारे सोध्ने<br>-गाँउ पालिको स्वरुपको भिन्नता बताउने ।<br>- सीमान र गाँउका नाम भन्न लगाउने | १ |
| हाम्रो सामाजिक तथा राजनीतिक अबस्था र स्थानीय सरकार | -परिवारसँगको नाता बताउन<br>-आफ्ना साथिहरुसँग समायोजन हुन ।<br>-घरमूली र समूह नेताको नाम बताउन ।<br>-समूहमा मिलेर काम गर्न । | - म र मेरा छिमेकिहरु घरपरिवार, विद्यालय, छरछिमेक<br><br>-हाम्रो नाता सम्बन्ध दाजु भाइ, काका काकी, साथीसमूह, अदि | परिबार र साथिसमूहको चित्रमा छलफल गराउने ।<br>प्रश्नोत्तर<br>छिमेकीसँगका् नाता सोध्ने<br>समूह बनाउने, समूहमा कामम गर्न लगाउने । (जस्तै माहुरी, कमिला आदिकामे समूहको चित्र देखाइ छलफल गराउने । | प्रश्न बनाएर सोध्ने<br>जस्तै<br>तिम्रो छिमेकमा बस्ने मानिसहरुसँग तिम्रो के के नाता पर्छ ?<br>तिम्रो घरको घरमूलिको नाम के हो?<br>समूहकार्यको अबलोकन गर्नै । | २५ |
| हाम्रो आर्थिक क्रियाकलाप | -घर परिवारका सदस्य र छर-छिमेकीले गर्ने काम बताउन<br>-छर-छिमेकमा गरिने पेशा व्यवसाय पहिचान गरी सूचि बनाउन<br>-गाँउघरमा उत्पादन हुने बस्तु र तिनको प्रयोगबारे बताउन | -गाँउघर छिमेक र परिवारका सदस्यले गर्ने कामको विवरण र चित्र<br>-कृषि, अन्न, फलफूल, तरकारी जटिबुटी संकलन पशुपालन<br>-घरेलु व्यवसाय सिकर्मी, डकर्मि, घट्ट, मिल,सिलाइ बुनाइ र व्यापारको सचित्र विवरण<br>-पेशा व्यवसाय र पेशाकर्मिको सचित्र विवरण | -गाँउघर, परिवार र छिमेकका सदस्यहरुले गर्ने कामको सचित्र विवरण दिने र थप कामको बारेमा छलफल गर्न लगाउने<br>-गाँउघर र छिमेकमा अबलोकन भ्रमण गर्न लगाइ पेशा व्यवसायको सूचि बनाउन लगाउने र स्थानीय पेशा व्यवसायीसँग अन्तक्रिया र छलफल गराउने<br>-स्थानीय पेशा व्यवसायी छनोट गरी तिनीहरुले गर्ने क्रियाकलापबारे टिपोट पार्ने<br>-स्थानीय बजारको अबलोकन भ्रमण गराइ त्यहाँ बेच्न राखिएका बस्तुबारे छलफल गर्ने<br>-दैनिक जीवनमा प्रयोग गरिने बस्तुहरुको नाम लेखी स्थानीय स्तरमा उत्पादन हुने बस्तु र बाहिरवाट किनेर ल्याइने बस्तुहरुको सूचि बनाइ छलफल गर्ने<br>-स्थानीय स्तरमा उत्पादन हुने बस्तु ल्याउन लगाइ त्यस्ता सामग्रिको प्रदर्शन र छलफल गर्ने | तिम्रो घर परिवारका सदस्यहरुले गर्ने कामहरुको सूचि बनाउ ।<br>-तिमौ गाँउघर र छिमेकका मानिसले गर्ने पेशाको सूचि बनाउ<br>-तिम्रो घरमा उत्पादन भइ बजारमा बेच्न लगिएका बस्तुहरु के के छन् ?<br>-व्यापारीले के काम गर्दछ ? | २५ |

| | | | | | |
|---|---|---|---|---|---|
| स्थानीय सीप प्रविधि र रोजगारी | -हाम्रा घरायसी सामानहरुको काम बताउन<br>-हाम्रा स्थानीय प्रविधिहरुको काम बताउन<br>-स्थानीय रोजगारहरुको काम बताउन | -घरायसी रुपमा प्रयोग गरिने स्थानीय सामग्रिहरुको काम सरसफाइ, ओसारपोसार,पूजापाठ<br>-हाम्रा स्थानीय प्रविधिहरुको काम<br>घान कुट्ने, दाल दल्ने, अन्न पिड्ने आदि<br>- हाम्रो दैनिक कामकाज खेतीपाती, घर बनाउने आदि | स्थानीय सामानहरु वा चित्र देखाइ छलफल गराउने प्रश्नोत्तर गर्ने<br>स्थानीय प्रविधिहरुका चित्र देखाइ छलफल गराउने प्रश्नोत्तर गर्ने<br>स्थानीय स्तरमा केके रोजगार छ सोध्ने छलफल गर्ने । स्थानीय प्रविधिहरुको अबलोकन गराउने । वा चित्रद्वारा छलफल गराउने ।<br>तिम्रो घरका सदस्यले के के काम गर्छन् प्रश्नोत्तर गरी छलफल गर्ने । | घरमा के के सामान प्रयोग गर्छौ ?<br>तिम्रो घरमा प्रयोग गरिने ओखलको काम भन ।<br><br>चित्र र शब्दको जोडा मिलाउने । | १५ |
| प्राकृतिक श्रोत र साधन | -प्राकृतिक श्रोतका उदाहरणहरु भन्न ।<br>-आफ्नो घर र विद्यालय वरपर भएका प्राकृतिक सम्पदा चिन्न र नाम बताउन । | -प्राकृतिक श्रोतका केही उदाहरण<br>(क) स्वच्छ हावा<br>(ख) वनस्पती<br>(ग) जनावर<br><br>-आफ्नो घर र विद्यालय वरपर रहेका प्राकृतिक श्रोत जस्तै वनजंगल, खानेपानीका मुहान, ढुङ्गा,माटो, स्वच्छ हावा, बनस्पती, जनावर | -शव्दपत्तिका माध्यमवाट प्राकृतिक श्रोत सँग सम्बन्धित शब्दावलीहरुको प्रदर्शन<br>-सर्वप्रथम घर र विद्यालय वरपर पाइने विभिन्न वस्तुहरुको नाम विद्यार्थीहरुलाई भन्न लगाइ कालोपाटीमा लेख्ने र मानिसले आफै बनाएका र प्रकृतिमा आफै उत्पन्न भएका श्रोतहरु छुट्याउन लगाउने । | -शव्दपत्तिमा लेखिएका वाक्य चिन र पढ ।<br><br>-तपाइको घर वा विद्यालय वरपर पाइने ३ ओटा प्राकृतिक श्रोतको नाम भन । | १५ |
| पर्यटन (स्थानिय धार्मिक, ऐतिहासिक, सास्कृतिक र वातावरणीय) | –यस गापा क्षेत्र, छिमेकि गापा तथा जिल्लामा रहेका धार्मिक र एतिहासिक स्थलहरुको सुचि बनाउन ।<br>–स्थानिय रीती रीवाज , मेला जात्रा , चाडपर्व , बारेमा परीचीत हुन ।<br>–स्थानिय क्षेत्रमा बोलिने भाषा भाषिका बारेमा बताउने । | - आफ्नो गाँउघर गापा र छिमेकि गापामा भएका धार्मिक ऐतिहासिक रुपा परीचित सम्पदाहरुका बारेमा सचित्र बर्णन ।<br>- गाँउघरमा मनाईने मुख्य चाडपर्व जात्रा पुजापाठ आदिमा लगाईने भेषभुषाको चित्र प्रदर्शनि<br>-स्थानिय भाषाको अक्षर लिपि | - स्थानिय ऐतिहासिक धार्मिक साँस्कृतिक स्थलहरुको भ्रमणगराई देखेका कुराहरु टिपोट गर्न लगाई छलफल गर्ने ।<br>- स्थानिय क्षेत्रमा भएका ऐतिहासिक धार्मिक बस्तुहरुको बेग्ला बेग्लै सूचि वा चित्रा बनाई त्यसको महत्व बारेमा छलफल गर्ने ।<br>- केहि स्थानिय भाषा र नेपाली भाषा को शब्द भण्डार बनाई प्रस्तुत र छलफल गर्ने।<br>- गाँउघरमा मनाईनृ चाडपर्व जात्रा मेला को सूचि तयार गरी प्रस्तुत गर्ने र पुजापाठ गर्दा लगाईने भेषभुष बारेमा छलफल गर्ने (चित्र बाट ) | ।<br>- विद्यर्थीहरुको गाँउघरमा रहेका महत्वपुर्ण मठ मन्दिरको सुचि बनाउन लगाउने ।<br>- स्थानिय ऐतिहासिक धार्मिक तथा सास्कृतिक स्थलहरुमा लाग्ने मेला पर्वहरु के के हुन र ति स्थलहरुमा कहिले मेला लाग्छ ?<br>- मुख्य भाषाहरुका पर्यायबाची शब्द भन्नहोस<br>- मुख्य चाडपर्वहरुमा गरीने कृयाकलापबारे मा भन्नुहोस | |

| | | | | | |
|---|---|---|---|---|---|
| स्वास्थ्य र सरसफाइ | -रोगका प्रकार रोग लाग्नुका कारणहरु भन्न<br>-आफु बस्ने कोठा र आफ्नो कक्षाकोठाको सरसफाइ गर्ने उपायहरु बताउन | -रोग र रोग लाग्नुका कारण<br>-पानी र खानाजन्य रोगका नाम र कारण<br>-कोठा र कक्षाकोठाको सरसफाइ र फोहोरमैला व्यवस्थापनका उपायहरु | -गाँउघरमा देखापर्ने रोगहरुबारे चर्चा<br>-पानी र खानाजन्य रोगहरुबारे छलफल गराउने(चित्रसहित)<br>-कक्षाकोठा र कोठाका फोहोर वस्तुहरु भन्न लगाइ सूचि बनाउने र त्यसको व्यवस्थापनका उपायहरुबारे छलफल । | -मानिसहरु किन बिरामी पर्छन् ?<br>-फोहो खाना रपानी खाए के कस्ता रोगअरु लाग्छन् ?<br>-कोठामा भएको फोहोरलाई कसरी सफा गर्न सकिन्छ ?<br>-तिम्रो कक्षाकोठा र तिमी बस्ने कोठामा के कस्ता फोहोर बस्तुहरु छन् ? | |
| जोखिम व्यवस्थापन | -सामान्य घरायसी जोखिमहरु पहिचान गर्न ।<br>-विद्यालय आंउदा जांदा आउन सक्ने सामान्य जोखिमहरु पहिचान गर्न | -घरमा प्रयोग हुने हातहतियार तथा अन्य सामग्रिको प्रयोग गर्दा आउने जोखिम जस्तै चक्कु, हसिया आदि र बच्ने उपाय<br>-हावाहुरी,आगलागी, सडकमा हिड्दा आउने जोखिम र बच्ने उपाय | -विभिन्न घरायसी हातहतियारहरुको कक्षामा प्रदर्शन र तिनीहरुवाट आउन सक्ने जोखिमको बारेमा र ती जोखिमवाट बच्ने उपायहरुका बारेमा चित्रवाट प्रदर्शन ।<br>-घरवाट विद्यालय आउदा जाँदा कसरी आउछौ ? हावाहुरी आएको दिन के गर्छौ ? र सडक बाटो भएर आउदा कसरी आउछौं? आदि जस्तै प्रश्नहरुमा छलफल । | -अनावश्यक रुपमा सलाईको प्रयोग गरेमा के हुन्छ ?<br>-हावाहुरी आएको समयमा के गर्नुपर्छ ?<br>-आगलागी भएको ठाँउ देख्यो भने के गर्नुपर्छ ? | ८ |

कक्षा ३

| क्षेत्र | सक्षमता/सिकाइ उपलब्धि | विषयबस्तुको बिस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| भौगोलिक स्थितीको पहिचान | –आफ्नो गापाको भौगोलिक स्थिती बताउन<br>–स्थानिय सडकको नाम तथा दुरी भन्न | - गापा को नक्शा र भौगोलिक स्थिति देखाउने बिबरण<br>- पहाड लेक बेसी आदीका बार जानकारी । | - नक्शा बनाएर भौगोलिक स्वरुप प्रस्तुत गर्ने र छलफल गर्ने ।<br>- सिमानामा पर्ने जिल्ला गापा र गाँउ देखाई छलफल गर्ने<br>- आफ्नो गाउँको नक्शा कोर्न लगाउने | - गापा वा वडाको नाम र ठेगाना लेख्न लगाउने<br>- सिमानामा पर्ने गापा वा गाँउ र जिल्लाको नाम के हो? | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | - जिल्ला गापा सदरमुकाम देखीको दुरी , नक्शाा र सिमानामा पर्ने गापाको नाम | | - गाउँ बाट सदर मुकामको दुरी कति छ ? | |
| हाम्रो सामाजिक तथा राजनीतिक अबस्था र स्थानीय सरकार | -आफ्नो घर परिवार र छिमेकको भाषा, धर्म, पेशा, बताउन ।<br>- आफ्ना स्थानीय सम्पदाको परिचय दिन<br>-स्थानीय मेलापर्वमा सहभागि हुन । | हाम्रो रहनसहन<br>भाषा, धर्म, पेशा, व्यवसाय, संस्कती, चालचलन<br>रितीरिवाज, परम्परा<br>हाम्रा सम्पदाहरु<br>विद्यालय मन्दिर, पाटी पौवा, हाटकोट देवल आदि<br>स्थानीय मेलापर्वहरु<br>गौरा, ओल्के, दसहरा<br>कोलासमैजी जात्रा, बेताल जात्रा जगन्नाथ मेला, डागेश्वरी मेला | चित्र प्रदर्शन गर्ने<br>छलफल गराउने ।<br>क्षेत्रभ्रमण गराउने ।<br>समूह निर्माण गरी कार्य विभाजन गर्ने छलफल गराउने । | जोडा मिलाउने<br>खाली ठाँउ भर्ने<br>सूचि बनाउने । आदि | २५ |
| हाम्रो आर्थिक क्रियाकलाप | -स्थानीय तह(गाँउपालिका) मा बस्ने बासिन्दाहरुको पेशा व्यवसायको सूचि बनाउन<br>-स्थानीय उत्पादित बस्तुको विक्रि वितरणको अवस्था भन्न<br>-स्थानीय बासिन्दाका आर्थिक क्रियाकलापहरु खोजी गर्न र बताउन<br>-विभिन्न पेशाकमीका मुख्य मुख्य कामहरु भन्न । | -स्थानीय स्तरका पेशा व्यवसायहरु : पशुपालन, कृषि, तरकारी खेती, फलफुल खेती, अन्नबाली, दुग्ध उत्पादन र तिनीहरुको बजारको जानकारी<br>-स्थानीय स्तरका पेशाकमीहरु : किसान, डकर्मि, सिकर्मि, दर्जि, आदिका मुख्य कामहरु<br>-स्थानीय उत्पादित बस्तुहरुको प्रयोग र वितरण सम्बन्धि जानकारी<br>-स्थानीय पेशा व्यवसायवाट हुने फाइदाहरु | -स्थानीय गाँउका मानिसले गर्ने कामबारे सूचि बनाइ प्रस्तुत गर्ने र छलफल गराउने<br>-स्थानीय उद्योग व्यवसायहरुको अबलोकन भ्रमण गराउने र तिनीहरुको उत्पादनबारे छलफल गर्ने गराउने ।<br>-स्थानीय उत्पादन भएका बस्तुहरु कहाँ कसरी किनबेच हुन्छन् त्यसबारे छलफल गर्ने ।<br>-स्थानीय ठाँउमा उत्पादन भएका बस्तुको प्रयोगबारे बताउने ।<br>-पेशाकर्मीको सूचि बनाइ उनीहरुका काम टिपोट गर्न लगाउने र स्थानीय स्तरका पेशाकमिएसँग अन्तक्रिया गर्न लगाउने ।<br>-पेशा व्यवसायवाट हुने आर्थिक फाइदा रोजगारबारे छलफल गराउने । | -आफ्नो गाँउमा उत्पादन हुने बस्तुहरुको सूचि बनाउ ।<br>-तिम्रो गाँउ समुदायमा कुनकुन बस्तुको प्रयोग हुन्छ लेख ।<br>-स्थानीय पसलमा बेच्न राखिएका सामानमध्ये कुन कुन सामानहरु गाँउमा नै उत्पादन भएका हुन् ?<br>-भविष्यमा तिमी कुन पेशा अपनाउन चाहन्छौ ?के त्यो तिम्रो गाँउले अगालेको पेशा भन्दा अलग छ ।<br>-पेशा व्यवसायवाट स्थानीय मानिसलाई पुग्ने फाइदाबारे चर्चा गर । | |
| स्थानीय सीप प्रविधि र रोजगारी | घरायसी रुपमा प्रयोगमा आउने सामग्रि बनाउन प्रयोग गरिने सामग्रिहरुका | -घरायसी रुपमा प्रयोगमा आउने सामग्रि बनाउन प्रयोग गरिने सामग्रिहरु | स्थानीय सामानहरु वा चित्र देखाइ छलफल गराउने<br>प्रश्नोत्तर गर्ने<br>स्थानीय प्रविधिहरुका चित्र देखाइ छलफल गराउने | घरमा के के सामान प्रयोग गर्छौ ?<br>तिम्रो घरमा प्रयोग गरिने | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | नाम बताउन ।<br>हाम्रा स्थानीय प्रविधिहरु बनाउनका लागि आवश्यक पर्ने सामग्रिहरुको नाम बताउन ।<br>थानीय रोजगारीहरुको प्रकार बताउन | -हाम्रा स्थानीय प्रविधिहरु बनाउनका लागि आवश्यक पर्ने सामग्रिहरु<br>-स्थानीय रोजगारीहरुको प्रकार | प्रश्नोत्तर गर्ने<br>स्थानीय स्तरमा केके रोजगार छ सोध्ने छलफल गर्ने ।<br>स्थानीय प्रविधिहरुको अबलोकन गराउने । वा चित्रद्वारा छलफल गराउने ।<br>तिम्रो घरका सदस्यले के के काम गर्छन् प्रश्नोत्तर गरी छलफल गर्ने । | ओखलको काम भन ।<br><br>चित्र र शब्दको जोडा मिलाउने । | |
| प्राकृतिक श्रोत र साधन | १. आफ्नो स्थानीय तह भित्रका प्राकृतिक सम्पदा चिन्न र नाम बताउन ।<br>२.आफ्नो समुदायमा भएका प्राकृतिक सम्पदाको संरक्षण र प्रयोग गर्न । | १.प्राकृतिक सम्पदाको संरक्षण र प्रयोग :<br>- समुदायमा भएका प्राकृतिक सम्पदाहरू वनजङ्गल, माटो, पानी (जल), खनिज आदिको सूची ।<br>- त्यसको प्रयोग, संरक्षण र संवर्द्धन गर्ने | घर र विद्यालय वरपर भएका प्राकृतिक सम्पदाहरूको सूची प्रदर्शन गर्ने ।<br>- त्यसको प्रयोग र संरक्षण सम्बन्धमा छलफल र प्रश्नोत्तर गराउने । | - तिम्रो समुदायमा भएका प्राकृतिक सम्पदाहरूको सूची बनाऊ ।<br>- प्राकृतिक सम्पदा संरक्षणमा विद्यार्थीले गर्ने कार्यको अवलोकन गर्ने । | १५ |
| पर्यटन (स्थानिय धार्मिक, ऐतिहासिक, सास्कृतिक र वातावरणीय) | –स्थानिय स्तरमा मनाईने धर्म, धार्मिक कृयाकलापको परीचय दिन ।<br>–स्थानिय भाषाका शब्द बुझ्न, बोल्न र वाक्य बनाउन । | - गापाको नक्शा बनाएर गाँउ बस्ति भौगोलिक स्वरुप प्रस्तुत गर्ने र छलफल गर्ने<br>- प्रत्येक वडाको पहीचान गराउने र वडा छुट्याउने<br>- आफ्नो गाँउको नक्शा बनाउन लगाउने ।<br>- स्थानिय साँस्कृतिक सम्पदाको महत्व र संरक्षण<br>- स्थानिय मेला चाडपर्वको परीचय<br>- स्थानिय भाषाका शब्दहरु बोली ब्यबहार सम्बन्धि बिबरण | - स्थानिय धर्म,धार्मिक मेला जात्राको सूचि तयार पार्ने ।<br>- ऐतिहासिक ,धार्मिक साँकृतिक सम्पदाको महत्व बताउने ।<br>- स्थानिय बिज्ञ सँग सम्पदाहरुको महत्वबारेमा छलफल गराउने ।<br>- स्थानिय मातृभाष विज्ञ सँग लोकभाका बारेमा बुझी त्यसको परीचय सम्बन्धमा कुराकानि र अन्तरकृया गर्ने । | - सम्पदाहरुको अबलोकनबाट प्राप्त जानकारी प्रस्तुतगर्न लगाउने<br>- तिम्रो गाँउठाउँमा मनाईने जत्राहरुको परीचय देउ<br>- जगन्नाथजात्राको छोटो परीचय देउ<br>- हामीले स्थानिय जात्राहरुको संरक्षणगर्न के गर्नु पर्ला । | |
| स्वास्थ्य र सरसफाइ | -विभिन्न रोगका कारण, लक्षण र रोकथामका उपाय बताउन<br>-आफु बसेको घर र विद्यालयको सरसफाइ बारे भन्न । | -रोग र रोगका प्रकारहरु सर्ने र नसर्ने<br>-विभिन्न सर्ने रोगहरु : पानीजन्य, हावाप्रसारित, लक्षण, उपचार र रोकथाम | -रोग र रोगका प्रकारहरुबारे चर्चा गर्ने<br>-सर्ने रोगका कारण, लक्षण र रोकथामका उपायहरुबारे छलफल गर्ने<br>-गाँउघरमा सर्ने रोगहरु कुन कुन समयमा फैलन्छन् सोको सूचि तयार पार्न लगाउने । | -सर्ने र नसर्ने रोगबिच फरक छुट्याउ ।<br>-झाडापखाला लाग्नुको कारण के हो ?<br>-रुघाखोकी कुन याममा | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | -घर वरपर विद्यालयको फोहोरमैला र फोहोरमैला व्यवस्थापन | -घर वरपर र विद्यालय परिसरमा अवलोकन गर्न लगाइ फोहोरमैलाको सूचि बनाउन लगाउने र फोहोरमैला व्यवस्थापन वारे छलफल गर्ने | सबभन्दा बढि फैलन्छ ?<br>-तिम्रो विद्यालय र घर वरपर के कस्ता फोहोरमैला छन् ? सूचि बनाउ | |
| जोखिम व्यवस्थापन | -सामान्य घरायसी जोखिमहरु पहिचान गर्न ।<br>-विद्यालय आंउदा जांदा आउन सक्ने सामान्य जोखिमहरु वाट बच्नु । | -घरमा प्रयोग हुने हातहतियार तथा अन्य सामग्रिको प्रयोग गर्दा आउने जोखिम जस्तै चक्कु, हसिया आदि र बच्ने उपाय<br>-हावाहुरी,आगलागी, सडकमा हिड्दा आउने जोखिम<br>र बच्ने उपाय | -विभिन्न घरायसी हातहतियारहरुको कक्षामा प्रदर्शन र तिनीहरुवाट आउन सक्ने जोखिमको बारेमा र ती जोखिमवाट बच्ने उपायहरुका बारेमा  चित्रवाट प्रदर्शन ।<br>-घरवाट विद्यालय आउदा जाँदा कसरी आउछौ ? हावाहुरी आएको दिन के गर्छौ ? र सडक बाटो भएर आउदा कसरी आउछौं? आदि जस्तै प्रश्नहरुमा छलफल । | -अनावश्यक रुपमा सलाईको प्रयोग गरेमा के हुन्छ ?<br>-हावाहुरी आएको समयमा के गर्नुपर्छ ?<br>-आगलागी भएको ठाँउ देख्यो भने के गर्नुपर्छ ? | ८ |

कक्षा ४

| क्षेत्र | सक्षमता/सिकाइ उपलब्धि | विषयबस्तुको बिस्तृतीकरण | सम्भाबित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| भौगोलिक स्थितीको पहिचान | –आफ्नो गापा जिल्ला को क्षेत्रफल बताउन<br>– गापाको नक्शामा गापा स्थित नदी , धार्मिक स्थल , एतिहासिक स्थल भर्ने | - डडेल्धुराको नक्शा , अजेयमेरु गापाको नक्शामा प्रमुख स्थानहरु पत्तालगाउने<br>- जिल्ला तथा गापाको भौगोलिक बिबरण,क्षेत्रफल, अबस्थिती र सिमानाबारेमा विस्तृत छलफल गर्ने<br>- घर बस्ती तथा सम्पदाहरुको संरचनाबारे जानकारी | - डडेल्धुराको नक्शामा अजेयमेरु गापा कहाँछ पत्ता लगाउन सिकाउने ।<br>- नेपालको तथा प्रदेश ७को नक्शामा अजेयमेरु गापा पत्ता लगाउन सिकाउने<br>- गापाको नक्शामा सम्पदाहरु पत्ता लगाउन सिकाउने | -नेपालको नक्शामा डडेल्धुरा जिल्ला चिन्न लगाउने<br>- जिल्लाको नक्शामा गापा चिन्न लगाउने<br>- जिल्ला , गापाको क्षेत्रफल सोध्ने<br>- तिम्रा गापामा भएका सम्पदाहरुका नाम भन्नुहोस | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| हाम्रो सामाजिक तथा राजनीतिक अबस्था र स्थानीय सरकार | -आफ्नो गाउघरको परिचय दिन ।<br>-स्थानीय तहको गठन प्रक्रिया बताउन । | हाम्रो गाँउघर परिचय<br>भौगोलिक, राजनीतिक सांस्कृतिक गाउँपालिका गठन प्रक्रिया , वडाको गठन प्रक्रिया | चित्र/चार्ट प्रदर्शन गर्दै छलफल गराउने ।<br>भौगोलिक, रानीतिक नक्साको प्रयोग गरी छलफल गर्ने छलफल गराउने ।<br>क्षेत्रभ्रमण गराउने ।<br>समूह निर्माण गरी कार्य विभाजन गर्ने छलफल गराउने ।<br>गाँउपालिका, वडाको गठन प्रक्रियाको अभिनय गराउने । | -प्रश्नोत्तर<br>१.तिम्रो गाँउको नाम के हो ?<br>२ गाँउपालिकाको गठन प्रक्रिया लेख ।<br>३. तिम्रो वडाको बारेमा एउटा अनुच्छेद लेख । | २५ |
| हाम्रो आर्थिक क्रियाकलाप | -स्थानीय क्षेत्रका मानिसले अपनाएका प्रमुख पेशा व्यवसाय भन्न<br>-स्थानीय क्षेत्रका बासिन्दाको प्रमुख आम्दानीका श्रोतहरु बताउन<br>-स्थानीय उद्योग व्यवसाय र प्रमुख उत्पादनबारे बताउन<br>-व्यवसायको महत्वबारे भन्न<br>-स्थानीय कृषि प्रणाली र पशुपालनबारे भन्न | -स्थानीय तहमा गरिने प्रमुख कृषि व्यवसायहरु: पशुपालन, तरकारी खेती, जटीबुटी खेती आदि र खेती प्रणाली<br>-स्थानीय स्तरका प्रमुख उद्योग व्यवसायहरु : सिलाइ बुनाइ, दुग्ध उद्योग, होटल व्यवसाय आदि<br>-प्रमुख उत्पादनहरु : कृषि तथा गैरकृषि<br>-स्थानीय बजार : किराना, पुस्तक, भाँडावर्तन, श्रृङ्गार आदि<br>-स्थानीय सेवा क्षेत्रको परिचय र महत्व | -गाँउघरमा गरिने कृषि अन्तर्गतका व्यवसायहरुको सूचि संकलन गरेर कक्षाकोठामा प्रस्तुत गर्ने र छलफल गर्ने<br>-स्थानीय कृषि प्रणाली : मौसममा निर्भर, परम्परागत, निर्वाहमूखि, खाद्यवालीको अधिकतार आधुनिकीकरण गर्ने सम्बन्धि छलफल<br>-विद्यार्थीहरुलाई आफ्नो गाँउमाप्रचलित पेशाहरुको संकलन गर्न परियोजना कार्य गर्न लगाउने ।<br>-विभिन्न पेशाकर्मीसँग भेटघाट गराइ अन्तक्रिया गराउने र त्यसवाट हुने आर्थिक फाइदाका बारेमा छलफल गराउने ।<br>-स्थानीय क्षेत्र र जिल्लामा भएका उद्योग व्यवसायको तथ्याङ्क संकलन गरी तिनीहरुवाट उत्पादित बस्तु तथा सेवाहरुको विवरण सहित छलफल गर्ने<br>-पेशा व्यवसायवाट हुने आर्थिक फाइदा र महत्वका बारेमा बताउने ।<br>-स्थानीय ठाँउमा रहेका प्रमुख बजार र व्यापारिक केन्द्रहरुको अवलोकन भ्रमण गराउने<br>-सेवाक्षेत्रको भ्रमण गराई तिनीहरुले दिने सेवाको सूचि बनाउने । | -कृषिका विशेषताहरु उल्लेख गर ।<br>-स्थानीय क्षेत्रमा रहेका हुलाक र स्वास्थ्य चौकीका सेवाहरु के के हुन् ?<br>-नजिकको पसलमा गइ त्यहाँ पाइने स्थानीय बस्तु बाह्य बस्तुको सूचि बनाइ प्रस्तुत गर ।<br>-होटल व्यवसायवाट हुने आर्थिक फाइदा लेख । | |
| स्थानीय सीप प्रविधि र रोजगारी | -घरायसी रुपमा प्रयोगमा आउने सामग्रि बनाउन प्रयोग गरिने तरिका बताउन ।<br>-स्थानीय स्तरमा प्रयोगमा | -घरायसी रुपमा प्रयोगमा आउने सामग्रि(कुचो, दुना, टपरी, डोको, छाला जुत्ता आदि) बनाउन प्रयोग गरिने तरिकाहरु | -स्थानीय सामान/प्रविधिहरुहरु जम्मा गर्न लगाइ बनाउने तरिका प्रदर्शन गर्ने । स्थानीय सामग्रिहरु विद्यार्थीहरुलाई बनाउन लगाने जस्तै(कुचो, दुना टपरी,ढीकि, कोल आदि) स्थानीय प्रविधिहरुका चित्र देखाइ छलफल गराउने प्रश्नोत्तर | -स्थानीय प्रविधि तथा सामग्रि विद्यँर्थीहरुले बनाएको हेर्ने ।<br>-बनाउने तरिकाबारे प्रश्न सोध्ने । | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | आउने प्रविधिहरु बनाउने तरिका बताउन । -स्थानीय रोजगारीको आवश्यकता बताउन । | -हाम्रा स्थानीय प्रविधिहरु(ओखल, कोल, ढीकि, जातो आदि) बनाउने तरिकाहरु -रोजगारीको आवश्यकता | गर्ने । -स्थानीय स्तरमा केके रोजगार छ सोध्ने छलफल गर्ने । स्थानीय प्रविधिहरुको अबलोकन गराउने । वा चित्रद्वारा छलफल गराउने । तिम्रो घरका सदस्य तथा छिमेकीहरु(कृषि, शिक्षण, काष्ठकार्य, घर बनाउने, ) रोजगारी किन गर्छन् प्रश्नोत्तर गरी छलफल गर्ने । | -स्थानीय राजगारीका आवश्यकताको सुचि बनाउ । | |
| प्राकृतिक श्रोत र साधन | -उदाहरण सहित प्राकृतिक श्रोतका प्रकार वताउन । -.आफ्नो समुदाय वरपरका प्राकृतिक सम्पदाहरुको संरक्षणमा सहभागी हुन र सदुपयोग गर्न । | - प्राकृतिक श्रोतका प्रकार क) अनन्त (ख)नवीकरणीय (ग) अनवीकरणीय -प्राकृतिक सम्पदाको दिगो प्रयोग गर्ने उपाय, महत्व/फाइदा -राज्ज र स्थानीय तहवाट प्राकृतिक सम्पदाहरुको संरक्षण तथा सम्बर्द्धनका लागि गरिएका प्रयास । | -चित्र तथा चार्ट प्रदर्शन गराइ छलफल गराउन लगाउने । -विभिन्न प्राकृतिक सम्पदाको अबलोकन भ्रमण गर्न लगाइ प्रकार र अबस्था टिपोट गर्न लगाउने । | - प्राकृतिक श्रोत तथा सम्पदा भनेको के हो ? - प्राकृतिक श्रोत तथा सम्पदाको संरक्षणमा सहभागी भए नभएको अवलोकन गर्ने । | १५ |
| पर्यटन ( स्थानिय धार्मिक, ऐतिहासिक, सास्कृतिक र वातावरणीय) | – गापा क्षेत्रका प्रमुख प्राकृतिक सम्पदाहरुको बिस्तृत जानकारी । – स्थानिय क्षेत्रमा भएका उर्जाका स्रोत पहिचान , महत्व र संरक्षण । | - गापा भित्त रहेका प्रमुख प्राकृतिक ,धार्मिक, ऐतिहासिक सम्पदाहरु - दुग्धारी झरना,बेताल बन , जगन्नाथ ,डागेश्वरी, कोला समैजी , तलाई फाँट, पिलकोट , भुत्यु गर्खाआदिको परीचय - स्थानिय उर्जाका स्रोतका सम्भावना - (वायु सौर्य जल उर्जा आदिको परिचय) -स्थानीय भाषा,भाका, मेला, जात्राको परिचय -स्थानीय जन्म, मृत्यु र विवाह संस्कार | -गाँउपालिका क्षेत्रमा रहेका प्रमुख ऐतिहासिक, प्राकृतिक, धार्मिक सम्पदाहरुको विवरण संकलन गरी तिनीहरुको परिचय, महत्व, प्रस्तुत गरी छलफल तथा अन्तर्क्रिया गर्ने - स्थानिय सम्पदाहरुको भ्रमण गराई तिनीहरुको अबस्था र संरक्षणका लागी गरीएका प्रयासहरुबारेमा चर्चा गर्ने । - स्थानिय भाषाको बिकास तथा पर्यटन विकासका लागी केही पुराना लेख रचना ताम्रपत्रहरुको नमुना प्रदर्शनगरी छलफल गर्ने - सम्भाब्य उर्जाका स्रोत बारेमा छलफल र अन्तरक्रिया गर्ने - स्थानिय संस्कार बारेमा छलफल र अन्तरक्रिया गर्ने | - ऐतिहासिक तथा धार्मिक सम्पदा को सूचि तयार पार - सम्पदाको महत्व बारेमा लेख - सम्पदा को संरक्षणका लागी स्थानियतहमा के के प्रयासहरु गर्न सकिन्छ -स्थानिय संस्कारहरुका बारेमा लेख | |
| स्वास्थ्य र सरसफाइ | -पोषण र पोषणको कमीले लाग्ने रोग तिनका लक्षण र रोकथामका उपायबारे बताउन -खाद्यपदार्थमा पोषकतत्वहरु जोगाउने उपायहरु भन्न -आफ्नो वरपरको वाताबरण सरसफाइमा सहभागि हुन | -पोषण र कुपोषणः कुपोषणवाट लाग्ने रोग, लक्षण, उपचार र रोकथाम -विभिन्न खाद्यपदार्थ सन्तुलित भोजन र हामीले खाने खानामा पोषकतत्व जोगाउने तरिका । -स्थानीय स्तरमा उपलब्ध खाद्यपदार्थ र तिनीहरुवाट सन्तुलित भोजन तयार | -पोषण र कुपोषणको अबधारणा दिदै कुपोषणवाट लाग्ने रोग लक्षण उपचार र रोकथामबारे छलफल गराउने -स्थानीय स्तरमा उपलब्ध खाद्यपदार्थ र तिनको उपभोग गर्ने तरिका बारे चर्चा गर्ने -सन्तुलित रुपमा स्थानीय स्तरमा उपलब्ध खाद्यपदार्थ उपभोग गरी पोषकतत्व प्राप्त गर्ने र पोषकतत्व जोगाउने तरिकाबारे छलफल गर्ने | -कुपोषणवाट लाग्ने रोगवाट कसरी बच्न सकिन्छ ? -स्थानीय स्तरमा उपलब्ध र तिमीले दैनिक रुपमा प्रयोग गर्ने खाद्यपदार्थको सूचि बनाउ । -खाद्य पदार्थमा भएका पोषक तत्व कसरी जोगाउन सकिन्छ ? | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पार्ने तरिका<br>-हाम्रो वरपरको वातावरण दुषित पार्ने तत्व र वातावरण सरसफाइ गर्ने तरिका | -विद्यालय वरपरको वातावरण अबलोकन गर्न लगाइ स्वस्थ वातावरण निर्माण सम्बन्धि छलफल र परियोजना कार्य गर्न लगाउने । | -हम्रो वरपरको वातावरण कसरी सफा राख्न सकिन्छ ? | |
| जोखिम व्यवस्थापन | - विभिन्न प्राकृतिक तथा मानवनिर्मित<br>जोखिम/विपद्हरुको परिचय दिन । | -जोखिम/विपद्का प्रकारहरु<br>(क) प्राकृतिक<br>(ख) मानवनिर्मित<br>(ग) मिश्रित<br>- आफ्नो स्थानीय तहमा आउन सक्ने सम्भावित जोखिमहरुको सामान्य जानकारी<br>वच्ने उपायहरु | -विभिन्न विपद्/जोखिमहरुका चित्र प्रदर्शन गरी छलफल गर्न लगाउने । | -प्राकृतिक विपद् भनेको के हो ?<br>-मानवनिर्मित विपद् आउनुका कारण के के हुन् ? | ८ |

कक्षा ५

| क्षेत्र | सक्षमता/सिकाइ उपलब्धि | विषयबस्तुको बिस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| भौगोलिक स्थितीको पहिचान | – गापा को नक्शा बनाईसिमाना छुट्याउन<br>– जिल्ला संग जोडिएका प्रमुख सडकहरु नाम र दुरी भन्न<br>– गापाको हावापानि र माटोको जानकारी दिन<br>– गापामा आईपर्ने सम्भाब्य प्राकृतिक प्रकोप बारे भन्न | - जिल्ला गापाको भौगोलिक राजनितिक नक्शा<br>- जिल्ला भित्र रहेका प्रमुख सडक र तिनीहरुको दुरी<br>- गापाको हावा पानि<br>- प्राकृतिक प्रकोप बारेमा | - नक्शामा गापा चिन्न लगाउने<br>- गापाको नक्शा बनाउन लगाई भौगोलिक स्थानहरु चिन्न लगाउने<br>- गापाका सम्पदाका बारेमा छलफल गर्ने कथा कविता तथा निबन्ध प्रतियोगिा गर्ने<br>-सम्भाब्य प्रकृतिक प्रकोबारेमा छलफल गर्ने | - गापाको नक्शा बनाउन लगाउने<br>- जिल्लाका अन्य गापा र नपाको नाम भन्न लगाउने<br>- प्रमुख प्राकृतिक सम्पदाहरु के के हुन लेख<br>-अजेयमेरु गापामा कुन कुन किसमको हवापानी पाईन्छ<br>-सम्भाब्य प्राकृतिक प्रकोपबारेमा लेख | १ |
| हाम्रो सामाजिक तथा राजनीतिक अबस्था र स्थानीय सरकार | -आफ्नो स्थानीय निकायको परिचय दिन ।<br>-आफ्नो स्थानीय तहको महत्व र आवश्यकता बताउन ।<br>-स्थानीय तहको काम कर्तव्य | -समाजको परिचय गाँउघर, समुदाय, समाज,हाम्रो संस्कृति , रम्परा, भौगोलिक अबस्थिति, प्राकृतिक सम्पदाहरु | छलफल गराउने<br>विशेषता टिपोट गर्ने<br>क्षेत्रभ्रमण गराउने<br>नक्सा तथा चार्ट प्रयोग गरी छलफल गर्ने । प्रश्नोत्तर गदै काम कर्तव्य र अधिकारको सूचिकरण गर्न लगाउने । | गाँउपालिकाको काम कर्तव्य र अधिकारको सूचि तयार गर ।<br>तिमो समुदायमा शिक्षा क्षेत्रमा काम गर्ने (एक जना | २५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | र अधिकार बताउन । | -समाजका प्रबुद्ध व्यक्तिहरु<br>राजनीतिज्ञ, शिक्षाप्रेमी, समाजसेबी, कलाकार<br>-डोटेली भाषा<br>परिचय, महत्व, आवश्यकता, डोटेली समाज<br>-गाँउपालिकाको काम कर्तव्य र अधिकार | प्रवेद्ध व्यक्तिहरुको तस्विर प्रदर्शन गरी छलफल गराउने ।<br>स्थानीय निकायको गठन प्रक्रियाको अभिनय गराउने ।<br>भाषा शिक्षणकासीपसम्बन्धि क्रियाकलाप<br>सुनाइ<br>बोलाइ<br>पढाइलेखाइ | नाम) बारेमा अनुच्छेद लेख ।<br>डोटेली भाषाको बारेमा निबन्ध लेख । | |
| हाम्रो आर्थिक क्रियाकलाप | -स्थानीय स्तर र जिल्लाभित्रमा प्रमुख उद्योगहरुको परिचय दिन<br>-स्थानीय व्यवसाय र उद्योगवाट उत्पादित बस्तुको बजार व्यवस्थापनबारे भन्न<br>-स्थानीय स्तरका नमुना व्यवसायको पहिचान गरी त्यसवाट स्थानीय स्तर र देशलाई पुग्ने आर्थिक फाइदाबारे बताउन<br>-विभिन्न पेशाकर्मीका लागि आवश्यक पर्ने ज्ञान र सीपको सूचि बनाउन<br>-स्थानीय तहमा सञ्चालित विभिन्न सेवा क्षेत्रबारे भन्न | -स्थानीय कृषि र गैरकृषि आधारित व्यवसाय र उद्योगको परिचय र महत्व<br>-स्थानीय व्यवसाय ( सिलाइ, बुनाइ, डेरी, मिल, घट्ट आदि) को परिचय र महत्व<br>-अन्य व्यवसायहरु( होटेल, पर्यटन, पथ प्रदर्शन, व्यापार आदि)<br>-व्यवसायको आर्थिक महत्व<br>-जागिर/सेवा/प्राविधिक जनशक्तिको परिचय न्यूनतम योग्यता, शिक्षालय र तालिम केन्द्रहरु<br>-स्थानीय स्तरका सेवा क्षेत्रहरु (विद्यालय, हुलाक, प्रहरी चौकी आदि) | -स्थानीय तह रजिल्लामा गरिने कृषि व्यवसाय र त्यसमा आधारित उद्योग (अन्नवाल, फलफूल, तरकारी खेती ,पशुपालन, मौरीपालन, जटिबुटी संकलन, वन तरकारी) को सूचि निर्माण गरी तिनको परिचय र महत्व छलफल गर्ने<br>-सञ्चालित घरेलु उद्योग व्यवसायको (सिलाइ, बुनाइ, फर्निचर , मिल, घट्ट आदिको परिचय महत्व रफाइदाबारे जानकारी दिने छलफल गर्ने<br>-स्थानीय व्यवसायिक क्षेत्रको अबलोकन भ्रमण गरी प्रतिबेदन तयार पार्न लगाउने र छलफल गर्ने ।<br>-स्थानीय सेवामूलक क्षेत्रमा भ्रमण गराइ कार्यको सूचि तयार पार्न लगाउने र छलफल गर्ने<br>-प्राविधिक जनशक्ति र जागिरमा रहेका स्थानीय ब्यक्तिसँग अन्तक्रिया गराइ न्युनतम योग्यता, शिक्षालय र तालिम केन्द्रको जानकारी संकलन गर्न लगाउने । | -तिम्रो स्थानीय तहमा सञ्चालित उद्योग व्यवसायको सूचि बनाउ ।<br>-तिम्रो गाँउका मानिसले गर्ने पेशा व्यवसायको विवरण तयार पार ।<br>-तिम्रो गाँउमा कुनकुन सीप र प्राविधिक ज्ञान भएका मानिस बस्छन् ?<br>स्थानीय तहमा सञ्चालित मिल र पानी घट्टका बारेमा लेख ।<br>-तिम्रो वडामा रहेका सेवामूलक षेत्रको सूचि बनाउ ।<br>-विभिन्न प्राविधिक जनशक्तिका लागि आवश्यक पर्ने न्यूनतम योग्यता लेख । | |

| | | | | | |
|---|---|---|---|---|---|
| स्थानीय सीप प्रविधि र रोजगारी | स्थानीय सीप प्रविधि र रोजगारीको महत्व बताउन । स्थानीय सीप प्रविधि र रोजगारीको संरक्षण तथा सम्बर्द्धन गर्न । | -घरायसी रुपमा प्रयोगमा आउने सामग्रिहरु( डोको , डाला कुचमे जनेउ )को आवश्यकता, महत्व, संरक्षण र सम्बर्द्धन<br>-हाम्रा स्थानीय प्रविधिहरु( जातो, ओखले,, )को आवश्यकता, महत्व, संरक्षण र सम्बर्द्धन<br>-स्थानीय रोजगारीहरु( काष्ठ कार्य, पत्थर झिक्ने, घर बनाउने, स्विटर बुन्ने,मूर्तिकला, बास्तुकला)को संरक्षण र सम्बर्द्धन | -स्थानीय सामान/प्रविधिहरुहरु जम्मा गर्न लगाइ बनाउने तरिका प्रदर्शन गर्दै आवश्यकता र महत्वमाथि छलफल गर्दै सूचि तथार गर्न लगाउने् क्षेत्रभ्रमण गराउने<br>बक्तित्वकला, चित्रकला प्रतिगोगिता गराउने ।<br>स्थानीय सीप प्रविधि र रोजगारी सम्बन्धि डकोमेन्ट्रि प्रस्तुत गर्ने । | -स्थानीय प्रविधि तथा सामग्रि विद्यर्थीहरुले संरक्षण सम्बर्द्धन गरेनगरेको अबलोकन गर्ने ।<br>बहुबैकल्पिक पश्नोत्तर<br>१तल दिइएका सामग्रिमध्ये स्थानीय प्रविधि अन्तर्गत कुन पर्छ ?<br>(क) कुचो (ख)खुर्पा<br>(ग) कोल<br>(घ दुना<br>निबन्ध लेखन<br>प्रश्नोत्तर<br>हाम्रो गाँच्उपालिकानको कुनै २ ओटा काम लेख । | १५ |
| प्राकृतिक श्रोत र साधन | -प्राकृतिक श्रोत तथा सम्पदाको संरक्षण कार्यमा सहभागी हुन ।<br>-प्राकृतिक सम्पदाको बिनास हुनाका कारणहरु पत्ता लगाउन । | -प्राकृतिक श्रोत तथा सम्पदाको मानवीय जीवनमा महत्व<br>-प्राकृतिक स्रोत तथा सम्पदाको संरक्षणका लागि आफ्नो स्थानीय तहवाट भएका प्रयास<br>-प्राकृतिक श्रोत तथा सम्पदाको संरक्षणमा विद्यार्थीको भूमिका ।<br>-प्राकृतिक सम्पदाहरु विनास हुनाका कारणहरु । | -चित्र तथा चार्ट प्रदर्शन गराइ छलफल गराउन लगाउने ।<br>-विभिन्न प्राकृतिक सम्पदाको अबलोकन भ्रमण गर्न लगाइ अबस्था र संरक्षण गर्ने उपायहरु टिपोट गर्न लगाउने । | -तपाइको घर वा विद्यालय नजिकका प्राकृतिक सम्दाको संरक्षण गर्ने २ ओटा उपाय लेख ।<br>-प्राकृतिक श्रोतको २ ओटा महत्व लेख । | १५ |
| पर्यटन (स्थानिय धार्मिक, ऐतिहासिक, सास्कृतिक र वातावरणीय) | –पर्यटन विकासमा स्थानिय साँस्कृतिक सम्पदाहरुको महत्व र संरक्षण ।<br>–पर्यटन विकासमा स्थानिय ऐतिहासिक,धार्मिक,सम्पदाहरुको | - स्थानिय सम्पदाको परीचय महत्व संरक्षणका उपायहरु<br>- संरक्षणमा जनसहभागीताबारेमा | - बिबरण संकलन , जानकारी , महत्वबारेमा भन्न<br>- स्थानिय मेला अबलोकन पछी त्याहाँ भएका कियाकलापबारेमा छलफल<br>- स्थानियभाषा संस्कृतिबारेमा ब्यापक छलफल<br>- पर्यटनको विकास , संरक्षण तथा सम्बर्धनमा | - प्रकृतिक सम्पदाहरुको संरक्षणमा स्थानिय सहभागीता को आबश्यकता बारेमा भन्न लगाउने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | संरक्षणमा सहयोग गर्ने,<br>सामाजिक सहभागीता हुन र<br>सामाजिक महत्व बताउन ।<br>–स्थानिय भाषाको प्रचलन<br>महत्व र लिपिको परीचय ,<br>लोकभाको परीचय , महत्व र<br>सृजना । | छलफल<br>- स्थानिय भाषा को<br>परीचय र खानाका<br>परीकारबारेमा छलफलगर्ने<br>- आधुनिक पर्यटनका<br>सम्भाब्यता बारेमा<br>छलफल<br>( बन्ज जम्पीङ्ग , प्यारा<br>जम्पीङ्ग ) | स्थानियसहभागीता र त्यसको महत्व बारेमा छलफल ( होम<br>स्टे ) | -स्थानिय लोकलय तथा<br>भाषाको संरक्षण एवं प्रबर्धनका<br>लागी के कस्ता उपायहरु<br>अबलम्बन गर्न सकिन्छ | |
| स्वास्थ्य र<br>सरसफाइ | -अस्पताल, स्वास्थ्य केन्द्र,<br>स्वास्थ्य चौकी, प्रापमिक उपचार<br>केन्द्र र सामुदायिक स्वास्थ्यबारे<br>भन्न<br>-प्रदुषण त्यसका कारण, असर र<br>न्यूनिकरणका उपायबारे बताउन<br>।<br>-स्वच्छ खानेपानी, सौचालय र<br>ढल निकासबारे बताउन । | -अस्पताल, स्वास्थ्य केन्द्र,<br>स्वास्थ्य चौकी, प्रापमिक<br>उपचार केन्द्रको परिचय र<br>स्वास्थ्य सेवा<br>-सामुदायिक स्वास्थ्यको<br>परिचय, महत्व,<br>सामुदायिक स्वास्थ्य<br>तन्दुरुस्त राख्ने उपायहरु<br>-खानेपानी सुद्ध गर्ने<br>तरिका<br>-सौचालय निर्माण र<br>व्यवस्थापन<br>-प्रदुषणको परिचय कारण<br>र न्यूनिकरणका उपायहरु | -स्थानीय स्तरमा सञ्चालनमा रहेका स्वास्थ्य सेवा प्रदायक<br>निकायमा अबलोकन भ्रमण गराइ तिनीहरुले दिने सेवाको<br>सूचि तथार पार्न लगाउने ।<br>-सामुदायिक स्वास्थ्यको परिचय दिइ महत्व र स्वस्थ<br>समुदाय निर्माणका लागि चाल्नु पर्ने कदमबारे छलफल गर्ने<br>-खानेपानी सुद्ध गर्ने तरिकाबारे छलफल गरी विभिन्न<br>तरिकाहरुसँग सम्बन्धित पोष्टरहरु बनाउन लगाउने ।<br>-सौचालय निर्माणका विधिबारे छलफल गर्ने<br>-स्थानीय तहमा हुने गरेको प्रदुषणका कारण र परिणामका<br>लागि अबलोकन भ्रमण गराउने र न्यूनिकरणका लागि<br>छलफल गर्ने | -स्थानीय स्तरमा सञ्चालनमा<br>रहेका स्वास्थ्उ संस्थाले दिने<br>सेवाहरुको सूचि बनाउ ।<br>-तिम्रो गाँउमा हुने गरेका<br>प्रदुषणका कारण परिणाम र<br>रोकथाम लेख ।<br>-पानी सुद्ध गर्ने तरिकाहरु लेख<br>।<br>-सामुदायिक स्वास्थ्य भनेको के<br>हो ? यसका महत्वहरु लेख । | |
| जोखिम<br>व्यवस्थापन | -विपद्/जोखिम वाट बच्ने<br>तत्कालिन उपायहरु<br>अबलम्बन गर्न<br>-विपद् व्यवस्थापनमा स्थानीय<br>निकायको भूमिका बताउन । | -विपद्/जोखिम<br>व्यवस्थापन<br>-अबधारणा, उपायहरु<br>,समस्याहरु<br>-विपद्/जोखिम<br>व्यवस्थापनमा विद्यालय<br>र विद्यार्थी र स्थानीय<br>निकायको भूमिका | -विभिन्न विपद्/जोखिमहरुका चित्र प्रदर्शन गरी<br>छलफल गर्न लगाउने ।<br>-बिपद्/जोखिम व्यवस्थापनका चरणहरु प्रदर्शन गरी<br>चरणबद्ध छलफल गराउने ।<br>-विभिन्न प्राकृतिक विपद्वाट बच्ने अभ्यासहरु<br>प्रयोगात्मक रुपमा गर्न लगाउने । | -विपद्/जोखिम व्यवस्थापन<br>भनेको के हो ?<br>-विपद्/जोखिम व्यवस्थापन<br>गर्दा के कस्ता समस्या<br>आउन सक्छन्? २ ओटा लेख<br>। | ८ |